

प्रस्तावनाः लुम्बिनी प्रदेशलाई बालविवाह मुक्त प्रदेशको रूपमा स्थापित गरी यहाँका बालबालिकालाई आत्मनिर्भर, सम्मानजनक एवम् गुणस्तरीय जीवन निर्वाह गर्नसक्ने बनाउन, बालअधिकारको संरक्षण तथा प्रवर्द्धन गर्न र प्रदेश भित्रका सबै स्थानीय तहमा बालविवाह विरुद्धको लुम्बिनी प्रदेश सरकारको "बालविवाह न्यूनीकरण सम्बन्धी सशर्त अनुदानको कार्यक्रम" को प्रभावकारी कार्यान्वयन गर्न आवश्यक भएकाले,

प्रदेश विनियोजन ऐन, २०८३ को दफा ११ उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

परिच्छेद १ प्रारम्भिक

१. **कार्यविधिको नाम र लागु हुने मितिः** (१) यस कार्यविधिको नाम "बाल विवाह न्यूनीकरण सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०८३" हुनेछ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. **बालबालिका** भन्नाले अठार वर्ष उमेर पूरा नभएका व्यक्ति सम्झनुपर्छ ।

ख. **बालविवाह** भन्नाले नेपालको प्रचलित कानून बमोजिम तोकिएको उमेर भन्दा अगाडि गरिने सबै प्रकारको विवाह सम्झनु पर्दछ।

ग. **पालिका** भन्नाले लुम्बिनी प्रदेश भित्रका उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनुपर्छ।

घ. **जिम्मेवार शाखा** भन्नाले पालिकाका बालबालिका शाखा/महाशाखा वा सो शाखाको समेत काम गर्नेगरी जिम्मेवारी तोकिएको शाखा/महाशाखा सम्झनु पर्दछ ।

ङ. **मन्त्रालय** भन्नाले लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनुपर्छ ।

च. **कार्यक्रम** भन्नाले आर्थिक वर्ष २०८३/८४ मा लुम्बिनी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयद्वारा पालिकालाई उपलब्ध गराइएको बालविवाह न्यूनीकरण सशर्त अनुदान कार्यक्रम सम्झनुपर्छ ।

छ. **संघसंस्था** भन्नाले सरकारी कार्यालय बाहेक प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएका बाल अधिकार प्रवर्द्धन तथा बालविवाह न्यूनीकरणका क्षेत्रमा क्रियाशील अन्य निजी, सामाजिक, सामुदायिक एवम् गैर सरकारी संस्था लगायतका संस्था सम्झनुपर्छ ।

३. **कार्यविधिको उद्देश्यः** यस कार्यविधिको मुख्य उद्देश्य लुम्विनी प्रदेशमा बालविवाह न्यूनीकरण सशर्त अनुदान कार्यक्रम कार्यान्वयनलाई सहज बनाउनु रहेको छ । यसका अतिरिक्त कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम छन्

क. प्रदेशभर बालविवाहका घटनामा न्यूनीकरण गर्दै प्रदेशलाई औपचारिक रुपमा बालविवाह मुक्त प्रदेश घोषणा गर्ने आधार तयार गर्नु।

नि. सचिव

ख. बालबालिका, अभिभावक, धार्मिक तथा सामाजिक अगुवा (पुरोहित, मौलाना, धार्मिक गुरुहरु), शिक्षक र सरोकारवालामा बालविवाह विरुद्ध सचेतना अभिवृद्धि गरी व्यवहारमा परिवर्तन ल्याउनु,

ग. कार्यक्रमका लक्षित समूह पहिचानमा स्पष्टता प्रदान गर्नु,

घ. कार्यक्रम कार्यान्वयनको तरिका तथा कार्यक्रममा विनियोजित बजेटको खर्च गर्ने विधि र प्रक्रिया स्पष्ट गर्नु,

ङ. कार्यक्रमलाई नतिजामुखी रुपमा सञ्चालन गर्नु,

परिच्छेद २ कार्यक्रम कार्यान्वयन विधि

४. **कार्यक्रम कार्यान्वयनको विधिः** पालिकाहरूले कार्यक्रम सञ्चालन गर्दा देहायका विधि पालन गर्नुपर्नेछः-

१. पालिकाका जिम्मेवार शाखाले नै कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।

२. पालिका भित्रका विद्यालयमा कक्षा ६ देखि १२ सम्म अध्ययनरत विद्यार्थी तथा विद्यालय वाहिरका १२ देखी १८ वर्ष उमेर समुहका बालिका तथा किशोरी र उनीहरूका आमा बुवा/अभिभावक, शिक्षक/शिक्षिकाहरु कार्यक्रमका लक्षित वर्ग हुनेछन्।
तर आवश्यकताका आधारमा समाजका लब्ध प्रतिष्ठित व्यक्तिलाई समेत कार्यक्रममा समावेश गराउन यसले वाधा पुऱ्याएको मानिने छैन ।

३. कार्यक्रम कार्यान्वयन गर्दा सम्भव भएसम्म विद्यालयको सभाहल वा अन्य सरकारी/सामुदायिक सभाहलको प्रयोग गर्नुपर्नेछ ।

४. बालविवाह न्यूनिकरणका सम्वन्धमा पालिकामा सञ्चालन भएका कार्यक्रमहरु तथा विज्ञहरुबाट तयार भएका वृत्तचित्र र सचेतनामुलक सन्देशलाइ स्थानीय रेडियो, टेलिभिजन, अनलाइन मिडिया र पत्रपत्रिकामा विनियोजित रकमको १५ प्रतिशतमा नवढ्ने गरी कार्यक्रमको प्रचार प्रसार गर्न सकिनेछ।

५. पालिकाहरूले प्रदेश सरकारले उपलब्ध गराएको सशर्त अनुदानमा आफ्नो बजेट साझेदारी गरेर समेत कार्यक्रम गर्न सक्नेछन् ।

६. बालविवाह न्यूनीकरणका लागि लामो समयदेखी योगदान दिएका व्यक्ति, न्यायिक, सुरक्षा, प्रशासनिक क्षेत्रका विज्ञ तथा उत्प्रेरक व्यक्तिलाई कार्यक्रममा प्रशिक्षकको रुपमा प्रयोग गर्न सकिनेछ ।

५. **सशर्त अनुदान खर्च गर्नुपर्ने क्षेत्रहरूः** प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान सम्भव भएसम्म पालिका भित्रका सबै वडामा देहायका कार्य र क्षेत्रमा खर्च गर्नुपर्नेछः-

क. दफा ४ को उपदफा २ मा उल्लिखित वर्गका लागि वालविवाहबाट हुनसक्ने असर र प्रभावका बारेमा सचेतना तालिम सञ्चालन गर्न,

ख. बाल विवाहको जोखिम रहेका क्षेत्र, वर्ग वा समुदायका विद्यालय बाहिरका १२ देखि १८ वर्ष सम्मका बालबालिकालाई बालविवाहका असर र प्रभावबारे परामर्श प्रदान गर्न,

ग. बालविवाह र त्यसबाट उत्पन्न हुने कानुनी परिणामबारे न्यायिक, सुरक्षा, प्रशासनिक निकायका विज्ञ तथा उत्प्रेरक व्यक्तिद्वारा दफा ४ को उपदफा २ मा उल्लिखित लक्षित वर्गलाई प्रशिक्षण प्रदान गर्न,

नि. सचिव



घ. बालविवाहको अवस्थाको वार्षिक तथ्याक संकलन गर्न।

ङ. लक्षित वर्गसमक्ष बालविवाह विरुद्ध तयार भएका वृत्तचित्र वा लघु चलचित्र प्रदर्शन गर्न, सडक नाटक प्रस्तुत गर्न,

च. बालविवाहको तथ्यांकको आधारमा बालविवाह बढि हुने बस्ती, टोल, समुदाय र वडामा केन्द्रित गरी कार्यक्रम सञ्चालन गर्न।

छ. बालविवाह न्यूनिकरणका सम्वन्धमा पालिकामा सञ्चालन भएका कार्यक्रमहरु तथा विज्ञहरुबाट तयार भएका डकुमेन्ट्रि र सचेतनामुलक सन्देशलाइ स्थानीय रेडियो, टेलिभिजन, अनलाइन मिडिया र पत्रपत्रिकाको माध्यमबाट कार्यक्रमका बारेमा प्रचार प्रसार गर्न

६. **सशर्त अनुदान खर्च गर्न नपाइने:** प्रदेश सरकारबाट प्राप्त अनुदान रकम देहायका कार्यमा खर्च गर्न पाइने छैन:-

क. थप कार्यविधि निर्माण गर्ने तथा सोको बैठक भत्ता प्रदान गर्ने प्रयोजनका लागि

ख. पालिका वा जिम्मेवार शाखाको प्रशासनिक खर्च व्यहोर्नका लागि,

ग. कुनै संघ संस्था वा व्यक्तिलाई सहायता उपलब्ध गराउने प्रयोजनका लागि,

७. **कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवार निकाय:** प्रदेश सरकारबाट प्रदान गरिएको सशर्त अनुदान रकम अनिवार्य रुपमा पालिकाको जिम्मेवार शाखाले कार्यान्वयन गर्नुपर्नेछ । कार्यक्रम कार्यान्वयका लागि अन्य संघ संस्थालाई पेश्की दिन पाइने छैन ।

८. **अनुगमन गर्न सक्ने:** प्रदेश सरकारबाट सशर्त अनुदान प्रदान गरिएको यस कार्यक्रमको कार्यान्वयन अवस्था र सोको प्रभावकारिता सम्वन्धमा मन्त्रालयले जुनसुकै बखत अनुगमन गर्नसक्नेछ । त्यसरी अनुगमनका क्रममा मन्त्रालयको अनुगमन टोलीलाई सहयोग गर्नु सम्बन्धित पालिकाको दायित्व हुनेछ ।

परिच्छेद ३ खर्च विधि, लेखाङ्कन र लेखापरीक्षण

९. **सशर्त अनुदान खर्च गर्ने विधि र मापदण्ड:** प्रदेश सरकारबाट प्रदान गरिएको सशर्त अनुदान रकम सार्वजनिक खरिद सम्वन्धी कानुन बमोजिम मितव्ययी तरिकाले सशर्त अनुदानमा विनियोजित रकमको परिधिभित्र रही र प्रदेश सरकारलाई थप दायित्व सिर्जना नहुने गरी अधिकतम प्रतिफल प्राप्त हुने तरिकाले खर्च गर्नुपर्नेछ। साथै देहायका खर्च मापदण्डको अनिवार्य रुपमा पालना गर्नुपर्नेछ:-

क. सरकारी/सामुदायिक हल उपलब्ध भएसम्म हल भाडामा नलिने

ख. सहभागी तथा प्रशिक्षकलाई खाजा तथा पारिश्रमिक लुम्विनी प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ बमोजिम उपलब्ध गराउने ।

१०. **खर्चको लेखांकन र प्रतिवेदन:** (१)यस कार्यविधि बमोजिम गरिएको खर्चको लेखाङ्कन सरकारी लेखा प्रणाली अनुरुप महालेखा परीक्षकको कार्यालयले स्वीकृत गरेको लेखा ढाँचा र फारामको प्रयोग गरी राख्नुपर्नेछ ।

(२) कार्यविधि बमोजिमको कार्य प्रगति पालिकाहरूले मन्त्रालयमा त्रैमासिक रुपमा पठाउनुपर्नेछ ।

का. सचिव

११. **स्रेस्ताको लेखापरीक्षणः** (१) पालिकाले यस कार्यविधि बमोजिम सशर्त अनुदान बापत प्राप्त रकमको प्रयोग गरी गरिएका खर्च, त्यसका सम्बद्ध प्रमाण कागजात र लेखा स्रेस्ताको प्रचलित कानून बमोजिम लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा १ बमोजिमको लेखापरीक्षणका क्रममा कुनै कैफियत वा बेरुजु कायम भएमा सोको सम्परीक्षण र फछ्यौंट गराउने जिम्मेवारी सम्बन्धित पालिकाको हुनेछ ।

१२. **खर्च हुन बाँकी रकम फिर्ता गर्नुपर्नेः** यस कार्यविधि बमोजिम प्राप्त रकम प्रचलित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानुन बमोजिम खर्च हुन नसकेमा चालु आर्थिक वर्ष २०८३/८४ को आषाढ मसान्त भित्र लुम्बिनी प्रदेश सरकारको सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्नेछ ।

परिच्छेद ४ विविध

१३ **प्रचलित कानुन मान्य हुनेः** यस कार्यविधि र प्रचलित कानुनका प्रावधानहरू बाझिएमा प्रचलित कानुनका प्रावधानहरू लागु हुनेछन् ।

१४ **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधि बमोजिम कुनै बाधा अड्काउ फुकाउनु परेमा मन्त्रालयले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

लि. सचिव